apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार पृष्ठ ३


● वर्ष: १२ ● अंक: ३०८ ● पृष्ठ: ४ ● ०६ मंसिर २०८३ आइतबार (22 November 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

नागरिकता विवादमा वडा अध्यक्षविरूद्ध मुद्दा दर्ता, प्रहरीद्वारा छानबिन

शुभ नारायण कामती
सिरहा, मंसिर ०५ गते

भारतीय नागरिक रहेको अवस्थामा झुट्टा विवरण पेस गरी नेपाली नागरिकता लिएको आरोप लागेका सिरहा नगरपालिका-१६ का वडा अध्यक्ष धिरेन्द्रप्रसाद मोरवैताविरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहामा जाहेरी दर्ता भई छानबिन भइरहेको छ । उच्च अदालत जनकपुर, राजविराज इजलासको परमादेशपछि दर्ता भएको उक्त जाहेरीमाथि गृह मन्त्रालयले समेत आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय सिरहालाई पत्राचार गरेको छ।

नेकपा एमालेको चुनाव चिह्नबाट निर्वाचित वडा अध्यक्ष मोरवैताविरुद्ध झुट्टा विवरण पेस गरी नेपाली नागरिकता लिएको आरोपमा कारबाहीको माग गर्दै स्थानीय शम्भुप्रसाद यादवले जिल्ला प्रहरी कार्यालय सिरहामा जाहेरी दिन खोजेका थिए । प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गरेपछि उनले हुलाक रजिष्ट्रीमार्फत जाहेरी पठाएका थिए । हुलाकबाट पठाइएको जाहेरीसमेत दर्ता नभएपछि यादवले उच्च अदालत जनकपुर, राजविराज इजलासमा परमादेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए ।



नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
सिंहदरबार, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- नागरिकता/४५८
मिति :- वि.सं. २०८३/०५/०४
ने.स. :- ११४६ गुंलाख्व.८ बिहिबार

विषय: आवश्यक कारवाही सम्बन्धमा ।

जिल्ला प्रशासन कार्यालय, सिराहा
।

प्रस्तुत विषयमा गृह मन्त्रालयमा प्राप्त भएको उजुरी/निवेदन पाना-२९ (उनान्तीस) यसै पत्रसाथ संलग्न छ । उक्त उजुरी/निवेदनमा उल्लिखित **धिरेन्द्र प्रसाद मोरवैताले** झुटा विवरण पेश गरी नेपाली नागरिकता लिएको सम्बन्धमा विस्तृत व्यहोरा संलग्न उजुरीबाटै अवगत गरी उक्त उजुरीका सम्बन्धमा के कसो भएको हो ? प्रचलित कानून बमोजिम तहाँ कार्यालयबाटै छानविन गरी, जो जे बुझ्नुपर्ने हो बुझी आवश्यक कारवाही गरी यस मन्त्रालयमा जानकारी गराउनुहुन आदेशानुसार अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Indira Panta
indu.panta93@gmail.com
(इन्दिरा पन्त)
शाखा अधिकृत



यसैबीच, गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र दरखास्त दर्ता गरेको थियो । प्रहरीले उपलब्ध गराएको जाहेरी दरखास्तको भरपाई (अनुसूची-६) मा 'परमादेशको आदेशबाट दर्ता' उल्लेख छ । उक्त जाहेरीको दर्ता नम्बर १७५ कायम गरिएको छ।

यसैबीच, गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाले २०८३ भदौ ४ गते जिल्ला प्रशासन कार्यालय सिरहालाई पत्राचार गर्दै वडा अध्यक्ष मोरवैताको नागरिकतासम्बन्धी उजुरीमाथि आवश्यक कारबाही गर्न भनेको थियो। मन्त्रालयले मोरवैताले झुट्टा विवरण पेस गरी नेपाली

बाँकी पृष्ठ ३ ▶▶

नवनियुक्त मुख्यमन्त्री सरोज यादवले आइतबार बिहान ९ बजे शपथ लिने, विश्वासको मत एक सातापछि

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०५ गते

मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार बिहान ९ बजे पद तथा गोपनीयताको शपथ लिने भएका छन्। प्रदेशसभाको सबैभन्दा ठूलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेताको हैसियतमा मुख्यमन्त्री नियुक्त भएका यादवले एक सातापछि प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरेका छन्।

प्रदेश प्रमुखबाट मुख्यमन्त्रीमा नियुक्त भएपछि, सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै यादवले अब प्रदेशसभाबाट विश्वासको मत लिने प्रक्रिया अघि बढाउने बताए। उनले एक साताभित्रै विश्वासको मत लिने तयारी रहेको जानकारी दिएका छन्।

मुख्यमन्त्री यादवलाई प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नियुक्त गरेका हुन् । सरकार गठनका लागि संविधानको धारा १६८ को उपधारा (२) अनुसार दिइएको समयसीमाभित्र कुनै पनि दलले बहुमत जुटाएर सरकार गठनको दाबी पेस गर्न नसकेपछि



प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताका हैसियतमा यादव मुख्यमन्त्री नियुक्त भएका हुन्।

यसअघि गत २८ कार्तिकमा नेपाली कांग्रेसका संसदीय दलका नेता एवं तत्कालीन मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभालाई सम्बोधन गर्दै राजीनामा दिएका थिए। विश्वासको मत प्राप्त गर्ने सम्भावना नदेखिएपछि, उनले पदबाट राजीनामा दिएका थिए। त्यसपछि, प्रदेश प्रमुखले ४ मंसिरको अपराह्न ४ बजेसम्म दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत

बाँकी पृष्ठ ४ ▶▶

कमला पुलमुनिबाट नदीको धार परिवर्तन सफल

बाँध निर्माणपछि पुल सञ्चालनको तयारी तीव्र, उद्घाटन गर्न भौतिक पूर्वाधारमन्त्री लम्साल आउने

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०५ गते

सिरहा र धनुषा जोड्ने हुलाकी राजमार्गअन्तर्गत कमला नदीको पुल सञ्चालनमा ल्याउने बाटो खुलेको छ । पुलमुनिबाट नदीको पानीको बहाव गराउन बाँध निर्माण गरी धार परिवर्तन गर्ने काम शुक्रबार राति सम्पन्न भएको हुलाकी सडक निर्देशनालय, जनकपुरले जनाएको छ।

विगत १५ वर्षदेखि अलपत्र रहेको कमला पुल सञ्चालनको तयारी अघि बढेपछि स्थानीयवासीमा खुसी छाएको छ । करिब एक सातादेखि नदीको धार परिवर्तन गर्ने प्रयास



गरिए पनि पानीको तीव्र बहावका कारण बाँध निर्माणमा चुनौती थपिएको निर्देशनालयका प्रमुख कृष्णकुमार महतोले बताए ।

उनका अनुसार शुक्रबार रातिसम्मको निरन्तर प्रयासपछि नदीको धार परिवर्तन गरी पुलमुनिबाट पानीको बहाव गराउन सफलता मिलेको हो ।

पुलको उद्घाटन भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले गर्ने मन्त्रीका सल्लाहकार डा. दिनेश रामले जानकारी दिए । उनका अनुसार मन्त्री लम्सालले शुक्रबार राति २ बजेसम्म पनि कामको प्रगतिबारे जानकारी लिइरहेका थिए । बाँध निर्माण र नदीको धार परिवर्तन सफल भएको खबर पाएपछि मन्त्री लम्साल खुसी हुनुभएको उनले बताए ।

कमला पुल सञ्चालनमा आउने भएपछि स्थानीयवासी पनि उत्साहित छन् । सिरहा नगरपालिका-६ बसबिटाका ६० वर्षीय डोमी यादवले १५ वर्षदेखि अलपत्र पुल सञ्चालनमा आउने अवस्था बनेपछि आफू निकै खुसी भएको बताए ।

उनले भने, "१४ वर्षमा भगवान् राम वनवासबाट फर्किनुभएको थियो, १५ वर्षपछि अलपत्र कमला पुल सञ्चालनमा आउने भयो। विगतका सरकारले गर्न नसकेको काम वर्तमान सरकारले गरेर देखाएको छ । बाँध निर्माण भएपछि कमला नदीले कटान गरेको मेरो ६ बिघा खेतीयोग्य जग्गा पनि फर्किने आशा जागेको छ।"

त्यस्तै, अर्का स्थानीय दुखी यादवले कमला पुल सञ्चालनमा

बाँकी पृष्ठ ४ ▶▶

गोलबजार उद्योग व्यापार संघमा महेश साहको प्यानलको दबदबा, अध्यक्षमा साह विजयी

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०५ गते

सिरहाको गोलबजार उद्योग व्यापार संघको नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा महेश साह (कोक्वा) अध्यक्ष पदमा निर्वाचित भएका छन् । उनले प्रतिस्पर्धी राकेश प्रसाद साह (गुप्ता) लाई पछि पार्दै अध्यक्ष पदमा जित हासिल गरेका हुन्।

निर्वाचन समितिले सार्वजनिक गरेको मतगणना विवरणअनुसार अध्यक्ष पदमा महेश साहले ७९४ मत प्राप्त गरेका छन् भने उनका प्रतिस्पर्धी राकेश प्रसाद साहले ५४४ मत प्राप्त गरेका छन्। त्यस्तै, वरिष्ठ उपाध्यक्षमा रामप्रमोद यादव ७६८ मतसहित निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी आनन्द कुमार यादवले ६०६ मत प्राप्त गरेका छन्।



उपाध्यक्षमा मो. सदाव खान ६८८ मतसहित निर्वाचित भएका छन् भने उनका प्रतिस्पर्धी ओमप्रकाश साह(ओम)ले ६८३ मत प्राप्त गरेका छन्। महासचिवमा अरविन्द कुमार सिंह ७५६ मतसहित निर्वाचित हुँदा उनका प्रतिस्पर्धी विरेन्द्र सिंह (बेंजु) ले ६२५ मत प्राप्त गरेका छन्। त्यसैगरी, कोषाध्यक्षमा कपिलदेव साह ७७२ मतसहित निर्वाचित भएका छन् भने प्रतिस्पर्धी प्रकाश साहले ५८९ मत प्राप्त गरेका छन्।

सदस्य पदमा अमर कुमार मण्डल, सञ्जय साह, भुवन कुमार तामाङ, विरेन्द्र कुमार साह, मो. शहाबुद्दीन,

बाँकी पृष्ठ २ ▶▶

एचआईभी एड्सबाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

सत्ताको खेलमा अल्झेको मधेश

नेपालमा संघीय शासन व्यवस्था स्थापनाको राजनीतिक आधार तयार पार्न मधेश आन्दोलनको भूमिका ऐतिहासिक र निर्णायक हंयो। २०६३ सालको जनआन्दोलनपछि भएका मधेश आन्दोलनका तीनवटै श्रृंखलाले मधेशी जनताको पहिचान, आत्मसम्मान, समानुपातिक प्रतिनिधित्व र अधिकारको सवाललाई राष्ट्रिय राजनीतिको केन्द्रमा स्थापित गरयो। आन्दोलनको मूल उद्देश्य प्रदेशको स्थापना गर्नुमात्र थिएन, राज्य सञ्चालनमा मधेशी समुदायको सम्मानजनक सहभागिता र अधिकारको सुनिश्चितता पनि थियो। आन्दोलनकै दबाबका कारण संघीयताको मागलाई राज्यले स्वीकार गर्न बाध्य भयो र नेपालको संविधान २०७२ ले संघीय शासन व्यवस्थालाई संस्थागत गऱ्यो। तर विडम्बना, संघीयता स्थापनाका लागि ऐतिहासिक संघर्ष गरेको मधेश प्रदेश आज आफैं राजनीतिक अस्थिरता, सत्ताको खिचातानी र दलगत स्वार्थको चपेटामा परेको छ। संघीयताको उपलब्धिलाई संस्थागत गर्दै जनताको जीवनस्तरमा परिवर्तन ल्याउनुपर्ने प्रदेश सरकार पटकपटक सरकार परिवर्तनको खेलमा अल्झिनु दुर्भाग्यपूर्ण अवस्था हो।

२०७४ सालमा पहिलोपटक स्थानीय, प्रदेश र संघीय तहको निर्वाचन सम्पन्न भएपछि तीन तहका सरकार गठन भयो। मधेश प्रदेशमा प्रारम्भिक चरणमा मधेशवादी दलहरूको बलियो उपस्थिति रह्यो। मधेशी जनअधिकार फोरम नेपालको नेतृत्व गर्दै लालबाबु राउत मुख्यमन्त्री बनेका थिए। उनको नेतृत्वमा प्रदेश सरकारले करिब पाँच वर्ष कार्यकाल पूरा गऱ्यो। त्यस समयमा प्रदेश संरचनालाई संस्थागत गर्ने, प्रदेशको पहिचान स्थापित गर्ने र संघीयताको अभ्यासलाई अघि बढाउने अवसर थियो। तर २०७९ सालको प्रदेशसभा निर्वाचनपछि राजनीतिक समीकरण बदलियो। मधेशवादी दलहरूले अपेक्षाअनुसार जनमत प्राप्त गर्न सकेनन्। कुनै एउटा दलको स्पष्ट बहुमत नआएपछि गठबन्धन र सत्ता साझेदारीको राजनीति सुरु भयो। त्यसयता मधेश प्रदेशले स्थिर सरकारको अनुभूति गर्न सकेको छैन्। सरकार गठन र विघटनको श्रृंखला निरन्तर चलिरहेको छ। मुख्यमन्त्रीको जिम्मेवारीमा सरोजकुमार यादव, जितेन्द्र सोनल र कृष्णप्रसाद यादवसहित विभिन्न नेताहरू पुगिसकेका छन्। सरोजकुमार यादव पुनः मुख्यमन्त्री बन्नुले प्रदेशको राजनीति कति अस्थिर र सत्ता केन्द्रित बनेको छ भन्ने देखाउँछ।

सरकार परिवर्तन हुनु आफैंमा लोकतान्त्रिक अभ्यासको अस्वाभाविक पक्ष होइन्। संसदीय व्यवस्थामा बहुमत गुमेपछि सरकार परिवर्तन हुन सक्छ। तर सरकार परिवर्तनको आधार जनताको आवश्यकता, नीतिगत असहमति र राजनीतिक उत्तरदायित्व हुनुपर्छ। पद प्राप्ति, मन्त्रीको भागबन्डा र दलगत स्वार्थका कारण सरकार फेरिनु लोकतान्त्रिक अभ्यासको विकृति हो। मधेश प्रदेशमा देखिएको मुख्य समस्या यही हो। सरकार फेरबदलको प्रत्यक्ष असर प्रदेशको विकास र सुशासनमा परेको छ। सरकार परिवर्तनसँगै विकासका प्राथमिकता प्रभावित हुन्छन्। नयाँ सरकार आएपछि अघिल्लो सरकारले अघि सारेका योजना र कार्यक्रमको निरन्तरतामा प्रश्न उठ्छ। प्रशासनिक संयन्त्र अन्योलमा पर्छ। विकास बजेटको प्रभावकारी कार्यान्वयन कमजोर हुन्छ। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार र सामाजिक न्यायजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय ओझेलमा पर्छन्। प्रदेश सरकारको ध्यान जनताको समस्या समाधानभन्दा पनि सत्ता जोगाउने र नयाँ राजनीतिक समीकरण बनाउनेतर्फ केन्द्रित हुन पुग्छ। मधेश प्रदेशको सफलता नै संघीयताको सफलताको एउटा महत्वपूर्ण आधार हो। किनकि मधेश आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरूको संस्थागत सम्बोधन संघीय संरचनामार्फत हुनुपर्ने थियो। तर संघीयताको उपलब्धिलाई राजनीतिक दलहरूले सत्ताको अवसरका रूपमा मात्र बुझ्न थाले भने यसले जनताको संघीयताप्रतिको विश्वास कमजोर बनाउँछ। आन्दोलनका क्रममा उठाइएका अधिकार, पहिचान र आत्मसम्मानका मुद्दाहरू नारामा मात्र सीमित हुने खतरा बढ्दै गएको ।

मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल र सांसदहरूले आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक बुझ्न आवश्यक छ। सरकार बनाउने र गिराउने गणितभन्दा माथि उठेर प्रदेशको दीर्घकालीन विकासका लागि साझा न्यूनतम कार्यक्रम र नीतिगत प्रतिबद्धता निर्माण गर्नुपर्छ। दलहरूले राजनीतिक मतभेदलाई स्वाभाविक रूपमा स्वीकार गर्दै जनहितका विषयमा सहकार्य गर्न सक्नुपर्छ। सांसदहरूले आफ्नो भूमिकालाई सरकार निर्माणमा सीमित नराखी सरकारलाई जवाफदेही बनाउने, नीति तथा कार्यक्रमको निगरानी गर्ने र जनताको आवाज उठाउने कार्यमा केन्द्रित गर्नुपर्छ। मधेश आन्दोलनले जनतालाई दिएको सबैभन्दा ठूलो सन्देश अधिकारसँगै जिम्मेवारी पनि हो। त्यसैले आन्दोलनको उपलब्धिको रक्षा गर्ने दायित्व पनि आजका राजनीतिक नेतृत्वकै काँधमा छ। सत्ता परिवर्तनको खेलमा प्रदेशको भविष्यलाई बन्धक बनाउने प्रवृत्तिको अन्त्य हुनुपर्छ। मधेश प्रदेशलाई राजनीतिक अस्थिरताको प्रयोगशाला होइन, संघीय लोकतान्त्रिक शासनको सफल उदाहरण बनाउन आवश्यक छ। अन्यथा, मधेशको राजनीतिक अस्थिरताले प्रदेशको विकास मात्र होइन, संघीय व्यवस्थाप्रतिको जनविश्वासमै गम्भीर प्रश्न खडा गर्नेछ। यसमा पुनः मुख्यमन्त्रीमा दोहोरिएका मुख्यमन्त्री सरोजकुमारसँगै प्रदेश सभाका सदस्यहरु, नागरिक समाज र सञ्चारक्षेत्रले पनि सकारात्मक भूमिका निर्वाह गरी मधेश प्रदेशलाई बलियो र समृद्ध बनाउन सहकार्य सहितको भूमिका निर्वाह गर्नुपर्छ।

दश वर्षअघि राजकाजका गफ गर्दै बैंग्लुरका पब चहार्थे, हैदरावाद हाउसमा दिँदैछन् मोदीसँग पोज

सागर न्यौपाने



गोरखा महाभूकम्पपछिको हिउँदे याम। नेपालमा नयाँ संविधान जारी भएको केही महिना मात्रै भएको थियो। भारतको अघोषित नाकाबन्दीका कारण इन्धनदेखि दैनिक उपभोग्य वस्तुसम्मको अभाव थियो। भारतप्रति नेपालीमा रोष बढिरहेको थियो।

२०७२ सालको त्यही हिउँदमा नेपालका एक युवा वालेन्द्र शाह (बालेन) भारत हानिएका थिए, इन्जिनियरिङमा स्नातकोत्तर गर्न। सिभिल इन्जिनियरिङमा स्नातक गरेका बालेनलाई स्नातकोत्तर अध्ययनका लागि भारत रोज्न दिदी सुजाता शाहले सघाएकी थिइन्।

बालेनकी दिदी सुजाता भारतको कर्नाटकस्थित बेलगावीमा बस्थिन्। उनले भारतमै इन्जिनियरिङ अध्ययनका लागि राम्रो संस्था रहेको भन्दै बालेनलाई कर्नाटक राज्यको बैंग्लुर आउन सुझाइन्। सयद दिदी सुजाताले भारत नबोलाएको भए वा अरु दशौं लाख युवाझैं बालेन पनि अरु नै देशतिर हानिएको भए उनको जीवन रेखा त्यहींबाट मोडिने थियो।

सुजाताको विवाह दक्षिण-पश्चिम भारत कर्नाटकको कारवारनजिकैको सेजेकन गाउँका हरिशकुमार सेजेकनसँग भएको थियो। दिदी र भिनाजुको यही सम्बन्धले बालेनलाई कर्नाटक पुग्ने बाटो खोलेको थियो।

एक दशकअघि अध्ययनका लागि कलेज खोज्दै बैंग्लुर पुगेका तिनै बालेन अहिले फेरि नयाँ दिल्ली जाँदै छन्, विश्वकै संभवतः कान्छो प्रधानमन्त्री, नेपालको कार्यकारी प्रमुख बनेर। उनको यो दुई दिने भ्रमण नेपालका कार्यकारीले गर्ने छोटोमध्येको भ्रमण हो, तर सामान्य खालको होइन, राजकीय हो।

आइतबार नेपाल एयरलाइन्सको विमानबाट दिल्ली प्रस्थान गर्ने तयारीमा रहेका शाहको यो भ्रमण प्रधानमन्त्री बनेपछि पहिलो औपचारिक विदेश भ्रमण हो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा उनी नयाँ दिल्ली जान लागेका हुन्, जो अध्ययनका लागि बालेन कर्नाटक जाँदा प्रधानमन्त्रीको पहिलो कार्यकाल चलाइरहेका थिए।

दशकअघिको 'इन्डिया कनेक्सन'

त्यसो त बालेनका लागि लागि नयाँ दिल्ली नयाँ गन्तव्य होइन। भारतसँग उनको सम्बन्ध प्रधानमन्त्री मोदीको निमन्त्रणाबाट सुरु भएको पनि होइन। दशकअघि नै उनलाई भारतले महत्त्वपूर्ण एउटा उपलब्धि दिलाइसकेको छ।

त्यसका लागि सन् २०१६ तिर फर्किनुपर्छ, जतिबेला उनी स्ट्रक्चरल इन्जिनियरिङको स्नातकोत्तर अध्ययनका लागि बैंग्लुर पुगेका थिए।

नेपालबाटै सिभिल इन्जिनियरिङमा स्नातक पूरा गरिसकेका उनी स्ट्रक्चरल इन्जिनियरिङमा एमटेक गर्न चाहन्थे। कहाँ पढ्ने भन्ने टुंगो लागिसकेको थिएन। दिदीको सुझावपछि बालेन बैंग्लुरको निट्टे मिनाक्षी इन्स्टिच्युट अफ टेक्नोलोजी (एनएमआईटी) मा भर्ना भए। यो कलेज विश्वेश्वरय्या प्राविधिक विश्वविद्यालय (भीटीयू) सँग आबद्ध छ।

एनएमआईटीका सिभिल इन्जिनियरिङ विभागका प्राध्यापक एभी श्रेयसले सन् २०१६ मा नेपाली विद्यार्थीहरू बालेन, सुनिल लम्साल र प्रवीण श्रेष्ठ सँगसँगै कलेज भर्ना भएको बताएका छन्। बालेन र सुनिल छात्रावासमा बसेर पढेको श्रेयसले जानकारी दिएका छन्।

कलेजमा बालेनको जीवन कक्षाकोठा र पुस्तकालयमा मात्रै सीमित थिएन। 'बालेन कहिले बस, कहिले स्कुटरमा कलेज जान्थे, बैंग्लुरको खानपान र सामाजिक जीवनसँग जोडिएका थिए,' बालेनका भिनाजू हरिशले उनीबारे भारतीय सञ्चार माध्यमलाई भनेका छन्।

'दक्षिण भारतीय परिकारमध्ये इडली र डोसा उनलाई मन पर्थ्यो, स्थानीय भाषा कन्नड पनि सिकेका थिए,' द टाइम्स अफ इन्डियासँग हरिशले भनेका छन्, 'बालेनलाई कन्नडमा सामान्य कुराकानी गर्न र बाटो सोध्ने मानिसलाई जवाफ दिन सक्ने गरी भाषा आएको थियो।'

बैंग्लुरको पब संस्कृति स्काइबार तथा चर्च स्ट्रिट र कोरमंगलाका केही पबमा जाने गर्थे। उनले साथीहरूसँग समाज, शासन व्यवस्था र भविष्यका विषयमा छलफल गर्ने गरेको प्राध्यापकहरूले बताएका छन्।

एनएमआईटीका उपाध्यक्ष सन्दीप शास्त्रीका अनुसार बालेनको रुचि भूकम्प इन्जिनियरिङमा थियो र उनले यससम्बन्धी परियोजना तथा इन्टर्नसिपमा काम पनि गरेका थिए।

एनएमआईटीका डीन डा. सुधीर रेड्डीका अनुसार बालेन पढाइमा राम्रो हुनुका साथै नेतृत्व क्षमता भएका विद्यार्थी थिए। बालेनको राजनीतिक यात्राले पछि लिएको मोड हेर्दा रेड्डीको त्यो भनाइ मेल खाएको देखिन्छ।

एमटेक पूरा गरेर नेपाल फर्किएका बालेनले त्यो विज्ञताअनुसार लामो अभ्यास त गरेनन् तर, केही वर्षपछि काठमाडौं महानगरपालिकाको नेतृत्वमा पुगेर आफूलाई राष्ट्रिय राजनीतिको केन्द्रमा उभ्याए। २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरको मेयर निर्वाचित भए। आक्रामक कार्यशैली र चर्को सार्वजनिक अभिव्यक्तिले विवादमा आए पनि उनले उनले समर्थक बटुल्दै गए।

भारतसँग उनको सम्बन्धको अर्को चर्चित प्रसंग यही मेयर कार्यकालमा सार्वजनिक भयो। भारतको नयाँ संसद् भवनमा राखिएको 'अखण्ड भारत' को नक्सामा नेपालको लुम्बिनी र कपिलवस्तु क्षेत्रसमेत समेटिएको विषयले नेपालमा विवाद उत्पन्न गरेको थियो।

नेपाली युवाको भावना बुझेर बालेन प्रतिक्रियास्वरूप काठमाडौं महानगरको आफ्नो कार्यकक्षमा २०८० जेठ २५ मा 'ग्रेटर नेपाल'को नक्सा राखे। जसबाट बालेनले चर्चा र विवाद दुवै कमाए।

दुई वर्षपछि २०८२ भदौमा भएको जेनजी आन्दोलनले नेपालको राजनीतिमा उलटपुलट ल्याइदियो। एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकार ढल्यो र फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन भयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग एकता गरेर बालेन चुनावमा होमिए।

प्रतिनिधि सभाको निर्वाचनमा झापा-५ मा एमालेका अध्यक्ष ओलीलाई पराजित गर्दै उनी निर्वाचित भए। पुरानो पुस्ताका 'राजनेता' लाई हराएर मात्रै नयाँ पुस्ताको 'आइकन नेता' बन्न सकिन्छ भन्ने मान्यता बोकेर बालेन झापा-५ गएका उनी निकट नेताहरू त्यसबेला बताउँथे।

चुनावमा जाँदै प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारिएका उनी रास्वपाले झण्डै दुईतिहाइ बहुमत ल्याएपछि गत चैत १३ गते प्रधानमन्त्री नियुक्त भए।

नेपालमा नयाँ प्रधानमन्त्री आउनासाथ पहिले उसले छिमेकी भारतको भ्रमण गरोस् भन्ने चाहन्छ दिल्ली। स्वाभाविक थियो, बालेन

बाँकी पृष्ठ ४ ▶▶

गोलबजार उद्योग व्यापार संघमा महेश .....

नागेश्वर राय, सरोज कुमार साह, मञ्जुला कुमारी झा र पिंकी कुमारी मुखिया निर्वाचित भएका छन्।

नवनिर्वाचित कार्यसमितिसामु गोलबजारका उद्योगी तथा व्यवसायीका समस्या समाधान, बजार व्यवस्थापन, पार्किङ तथा सार्वजनिक शौचालयको व्यवस्थापनलगायतका चुनौती रहेका छन्।

नयाँ नेतृत्वबाट व्यापारीहरूले आफ्ना समस्या समाधानका लागि प्रभावकारी पहल हुने अपेक्षा गरेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

आजको राशिफल

मेष : दिन राम्रो छ। साना कुरामा तर्क नगर्नु राम्रो हुनेछ। परिवारको साथ र सहयोग मिल्ने छ।

बृष : दिन राम्रो छ। वैदेशिक क्षेत्रको रमझमले आकर्षित गर्नेछ। लगानीको क्षेत्रमा फाइदा हुनेछ।

मिथुन : दिन राम्रो छ। तपाईंको बोलीकै कारण साथी टाढा बन्ने दिन छ। माया मारेको सम्पत्ति हात लाग्नेछ।

कर्कट : दिन राम्रो छ। मनमा शान्ति मिल्ने छ। विदेशमा भन्दा स्वदेशमा आम्दानीका विकल्प प्राप्त हुनेछ।

सिंह : तपाईंको योजना सफल बन्नेछ। दीर्घकालीन योजना बनाउन सकिन्छ। परोपकारमा मन जानेछ।

कन्या : दिन राम्रो छ। सहकर्मीलाई भड्काएर आफू मात्र फाइदा लिने दिन छ। परिवारमा सुख र शान्ति मिल्नेछ।

तुला : दिन राम्रो छ। शिक्षाको क्षेत्रमा खुट्टा तान्ने साथी सक्रिय भएकाले सचेत बन्नुपर्नेछ। राजनीतिक संगठनमा बढुवा हुनेछ।

वृश्चिक : दिन राम्रो छ। परिवारले साथ दिनेछन्। प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ।

धनु : साथीसँग तर्क नगर्नु राम्रो हुनेछ। लगानीका क्षेत्र सबल छन्। औषधीमा नियमितता नहुँदा रोगले सताउने जोखिम छ।

मकर : परिवारको सल्लाह लिएर अगाडि बढ्नुपर्नेछ। बौद्धिक व्यक्ति सँगको भेटले मनमा शान्ति मिल्ने छ।

कुम्भ : दिन राम्रो छ। शुभ ग्रहको बहुमत भएकाले साथीभाइ र आफन्तको साथ मिल्ने छ। शिक्षामा गरेको प्रयास सफल हुनेछ।

मीन : साथी भाइसँग थौरै बोलेर अगाडि बढ्नु राम्रो हुनेछ। परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ। व्यापारमा नाफा हुनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

विदेशमा रहेका नेपालीको मताधिकार: कानुन संशोधनका लागि तीन विकल्प

अपन दैनिक संवाददाता
काठमाडौं, मंसिर ०५ गते



विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित र अन्तरजिल्ला मतदाताको व्यवस्था गर्न विभिन्न विकल्पसहित निर्वाचन आयोगले विद्यमान कानुनमा संशोधनका लागि प्रस्ताव अघि बढाएको छ । निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अवसर प्रदान गर्न विभिन्न विकल्पसहित सरकारलाई कानुन संशोधनका लागि सुझाव दिएको छ।

सर्वोच्च अदालतले समेत विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन आदेश दिइसकेको र प्रमुख राजनीतिक दलहरूले पनि यस विषयमा प्रतिबद्धता व्यक्त गरेकाले अब हुने निर्वाचनदेखि नै यसको कार्यान्वयन गर्ने तयारीमा आयोग रहेको छ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता जगदीश खरेलले आफ्नो पार्टीले निर्वाचन घोषणापत्रमा विदेशमा रहेका मतदाताको मताधिकारको मुद्दालाई प्राथमिकता दिएकाले अब हुने निर्वाचनमा यसको व्यवस्थापन गर्नुपर्ने बताए । शुक्रबार आयोग र राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेताहरुबिचको छलफलमा यो विषय पनि उठाइएको उनले बताए ।

आयोगका कानुन हेर्ने सहसचिव मानबहादुर बस्नेतका अनुसार गृह मन्त्रालयमा कानुन संशोधनका लागि पठाइएको प्रस्तावमा वाह्य (विदेशमा रहेका मतदाताको मतदान र अन्तरजिल्ला) मतदानको व्यवस्था गरिएको छ । वाह्य मतदानका लागि मूल मतदाता नामावलीमा नाम भएका मतदाताले आयोगले खुलाएका बखत बेग्लै आवेदन दिई वाह्य मतदाताको सूचीमा समावेश हुनुपर्नेछ। वाह्य मतदातामा नाम समावेश गरेपछि मूल स्थायी मतदाता रहेको स्थानमा मतदान गर्न पाइनेछ। वाह्य मतदाताका लागि बेग्लै निर्वाचन अधिकृतको प्रबन्ध पनि गरिने आयोगले जनाएको छ।

"हामीले विकल्पसहित कानुन संशोधन गर्न सरकारलाई भनेका छौं । एकीकृत निर्वाचन कानुन संशोधनका लागि विगतमै सरकारलाई मस्यौदा दिइसकिएको छ। अब वाह्य मतदानको विषय थप भएको छ", सहसचिव बस्नेतले भने, "कानुन संशोधन भए पनि आवश्यक प्रविधि र पूर्वाधार विकासका लागि आयोगल तयारी गर्नेछ।"

सहसचिव बस्नेतले इन्टरनेट तथा प्रविधिमा आधारित रहेर विदेशमा रहेका नेपालीले आफू बसेकै स्थानबाट सुरक्षित डिजिटल माध्यम प्रयोग गरी मतदान गर्न सकिने पहिलो विकल्प दिइएको छ। दोस्रो विकल्पमा हुलाकमार्फत मतदान गर्ने व्यवस्था छ।

यसमा मतदातालाई मतपत्र पठाउने र मतदानपछि मतपत्र हुलाकबाटै सम्बन्धित निर्वाचन कार्यालयमा फिर्ता पठाउने व्यवस्था गर्न सकिनेछ। यी सबै विधिमध्ये नेपाल सरकारले रोजेको विकल्पमा मतदान गराइनेछ तर विदेशबाट नेपालीले मतदात गर्न पाउनका लागि सम्बन्धित मुलुकमा रहेको वैध भिसा आवश्यक पर्ने सहसचिव बस्नेतले बताए ।

यस्तै स्वदेशभित्र एक जिल्लाका मतदाताले अर्को जिल्लाबाट मतदान गर्न सक्ने गरी कानुन संशोधन प्रस्ताव गरिएको छ। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन आयोगबाट प्राप्त प्रस्तावमाथि सरकारले आवश्यक निर्णय गरी प्रक्रिया अघि बढाउने बताए ।

विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने विषय लामो समयदेखि उठ्दै आए पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन । वैदेशिक रोजगारी, अध्ययन, व्यवसाय तथा अन्य प्रयोजनले ठूलो सङ्ख्यामा नेपाली नागरिक विदेशमा रहेकाले उनीहरूलाई निर्वाचन प्रक्रियामा सहभागी गराउने विषय लोकतान्त्रिक प्रतिनिधित्व र नागरिक अधिकारसँग जोडिएको छ।

नेपालको संविधानले प्रत्येक बालिग नागरिकलाई मतदानको अधिकार प्रदान गरेको छ। तर, रोजगारी तथा अन्य कारणले विदेशमा रहेका नेपाली

बाँकी पृष्ठ ४ ▸▸

दिल्लीमा बालेन्द्रलाई राज्यमन्त्रीले स्वागत गर्ने, कुन प्रधानमन्त्रीलाई कसले गरे स्वागत ?

अपन दैनिक संवाददाता
सिरहा, मंसिर ०५ गते



प्रधानमन्त्री वालेन्द्र शाहलाई भारतको राजकीय भ्रमणका क्रममा विमानस्थलमा भारतका वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्ने भएका छन्।

प्रधानमन्त्री शाहलाई नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा राज्यमन्त्री प्रसादले स्वागत गर्ने निश्चित भएको हो।

प्रधानमन्त्री शाहको आइतबार दिउँसो १ : ४५ बजे नेपाल वायुसेवा निगमको विमानमार्फत दिल्ली प्रस्थान गर्ने कार्यक्रम छ। भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा उनी दुई दिन राजकीय भ्रमणका लागि भारत जान लागेका हुन्।

प्रधानमन्त्री शाहको स्वागतका लागि वाणिज्य तथा उद्योग राज्यमन्त्री आउने भएकाले पनि उनको यो भ्रमण विकास साझेदारीमा केन्द्रित रहने अनुमान गरिएको छ।

भारत भ्रमणमा गएका नेपालका प्रधानमन्त्रीहरूलाई भारतका प्रधानमन्त्रीदेखि विभिन्न तहका पदाधिकारीहरूले विमानस्थलमा स्वागत गरेको इतिहास छ। नेपाली कांग्रेसका तत्कालीन सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहले विमानस्थलमा स्वागत गरेका थिए।

सन् २००६ मा भारत भ्रमणमा गएका कोइरालालाई शिष्टाचार नियम तोड्दै भारतीय प्रधानमन्त्री सिंह रनवेसम्मै पुगेर स्वागत गरेका थिए । त्यसयता नेपालको तर्फबाट भएका कुनै पनि प्रधानमन्त्रीलाई भारतीय समकक्षीले विमानस्थल पुगेर स्वागत गरेका छैनन्।

सन् २००८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई गृह राज्यमन्त्री सकील अहमद र विदेश सचिव शंकर मेननले स्वागत गरेका थिए ।

सन् २०११ मा डा.बाबुराम भट्टराईलाई भारतीय विदेश मन्त्रालयका शिष्टाचार प्रमुख रुचिरा कम्बोज र नेपालका लागि तत्कालीन राजदूत जयन्त प्रसादले विमानस्थलमा स्वागत गरेका थिए।

त्यसपछि सन् २०१६ को फेब्रुअरीमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणका क्रममा भारतका तत्कालीन विदेशमन्त्री सुषमा स्वराज स्वागतका लागि विमानस्थल पुगेका थिए।

सन् २०१६ कै सेप्टेम्बरमा भारत भ्रमणमा पुगेका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई पनि भारतीय विदेशमन्त्री सुषमा स्वराजले नै स्वागत गरेकी थिइन्।

सन् २०१७ अगस्तमा भारत भ्रमण गरेका प्रधानमन्त्री शेरबहादुर देउवालाई पनि स्वागत गर्न स्वराज

बाँकी पृष्ठ ४ ▸▸

नागरिकता विवादमा वडा अध्यक्षविरुद्ध मुद्दा दर्ता .....

नागरिकता लिएको भन्ने आरोपसहित परेको २९ पृष्ठको उजुरीसमेत संलग्न गरी आवश्यक छानबिन गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको थियो।

गृह मन्त्रालयको पत्रमा उजुरीमा उल्लेखित विषयमा केकस्तो भएको हो भन्नेबारे प्रचलित कानुनबमोजिम छानबिन गर्न, आवश्यक बुझ्नुपर्ने विषय बुझी कारबाही प्रक्रिया अघि बढाउन र त्यसको जानकारी मन्त्रालयलाई गराउन अनुरोध गरिएको छ। जिल्ला प्रशासन कार्यालय सिरहाले उक्त पत्र आवश्यक छानबिनका लागि जिल्ला प्रहरी कार्यालयमा पठाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) वासुदेव पाठकले उक्त विषयमा जाहेरी दर्ता भई आवश्यक छानबिन भइरहेको बताएका छन्। उनका अनुसार प्रहरीले घटनासम्बन्धी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको छ।

निवेदक यादवले वडा अध्यक्ष मोरवैता तथा उनका परिवारका सदस्यहरूले भारतीय नागरिक हुँदाहुँदै नेपाली नागरिकता लिएको आरोप लगाउँदै कारबाहीको माग गरेका हुन्। उक्त विषयमा २०७९ सालको स्थानीय तह निर्वाचनका क्रममा समेत उजुरी परेको थियो। जिल्ला प्रशासन कार्यालयले भने त्यसबेला परेको उजुरी तामेलीमा राख्ने निर्णय भइसकेको जिकिर गरेको थियो।

यता, वडा अध्यक्ष मोरवैताले आफ्नो नागरिकतासम्बन्धी विषयमा यसअघि नै छानबिन भइसकेको र आफू निर्दोष रहेको दाबी गरेका छन्। २०७९ सालको निर्वाचनका समयमा पनि नागरिकतासम्बन्धी उजुरी परेको उल्लेख गर्दै उनले जिल्ला प्रशासन कार्यालय सिरहाबाट त्यतिबेलै छानबिन सम्पन्न भइसकेको बताएका छन्।

जाहेरी दर्ता र गृह मन्त्रालयको पछिल्लो पत्राचारसँगै वडा अध्यक्ष मोरवैताको नागरिकतासम्बन्धी विवाद पुनः चर्चामा आएको छ । यद्यपि, उजुरीमा लगाइएको आरोपका आधारमा मात्रै कसैको नागरिकता अवैध ठहर हुँदैन । त्यसैले सम्बन्धित निकायले निष्पक्ष अनुसन्धान गरी तथ्य र प्रमाणका आधारमा कानुनबमोजिम निष्कर्षमा पुग्नु आवश्यक छ।







दश वर्षअघि राजकाजका गफ गर्दै बैंग्लुरका पब .....

प्रधानमन्त्री बन्दा पनि त्यही मान्यता राखेर उनको भारत भ्रमण गराउने प्रयास सुरुदेखि नै भयो।

बालेन प्रधानमन्त्री बनेलगत्तै भ्रमणमा लैजान भारतले जोडबल गरेको थियो। तर, बालेनले सुरुवातमै भारत भ्रमणमा जान रुचि देखाएनन्। रास्वपा सभापति रवि लामिछानेको भारत भ्रमण र त्यसपछि बढ्दै गएको आन्तरिक दबाबले उनी अहिले दिल्ली जान तयार भएको रास्वपाका नेताहरू बताउँछन्।

गत कार्तिकमा भारतीय विदेश सचिव विक्रम मिस्रीले काठमाडौं आएर प्रधानमन्त्री बालेनसँग भेट गरेका थिए। भेटमा भारतीय प्रधानमन्त्री मोदीको निमन्त्रणा हस्तान्तरण गर्नुका



साथै प्रस्तावित भ्रमण र त्यसबाट हासिल गर्न सकिने परिणामबारे छलफल भएको थियो।

भ्रमणमा दुई देशबीचका द्विपक्षीय सम्बन्ध, ऊर्जा, व्यापार, पूर्वाधार र हवाई प्रवेश मार्ग (एयर रुट) लगायत विषयले प्राथमिकता पाउन सक्ने बताइएको छ। उनको भारत भ्रमणलाई नेपालसँगै भारत र विश्वभारका प्रमुख मिडियाबाट महत्त्वका साथ हेरिएको छ।

बालेन पढेको एनएमआईटीका उपाध्यक्ष सन्दीप शास्त्रीले प्रधानमन्त्री बनेर भारत आएका शाहलाई संस्थामा निमन्त्रणा गरेर स्वागत गर्न चाहेको बताएका छन्। कलेजले आफ्नो वेबसाइटमा समेत पूर्वविद्यार्थी बालेनबारे संक्षिप्त परिचय राखेको छ।

प्रधानमन्त्री नियुक्त भएपछि बालेनलाई बधाई दिएको कलेजले दिदी सुजातामार्फत् सम्मान गरेको थियो। दश वर्षअघि बैंग्लुरले स्वागत गरेका बालेनलाई यस पटक नयाँ दिल्लीले कसरी स्वागत गर्छ, उनको भारत भ्रमणको सफलता त्यसमै निर्भर हुनेछ।

दिल्लीमा बालेन्द्रलाई राज्यमन्त्रीले स्वागत गर्ने .....

नै विमानस्थल पुगेकी थिइन्।

त्यस्तै सन् २०१८ मा भारत भ्रमणमा गएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतका तत्कालीन गृहमन्त्री राजनाथ सिंहले विमानस्थलमा स्वागत गरेका थिए।

सन् २०२२ मा भारत भ्रमणमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा पुगेका थिए । त्योबेला उनलाई विमानस्थलमा स्वागत गर्न भारतका तत्कालीन पर्यटन तथा सुरक्षा राज्यमन्त्री अजय भट्ट पुगेका थिए।

सन् २०२३ मा प्रचण्ड तेस्रोपटक भारत भ्रमणमा गएका थिए। त्योबेला उनलाई भारतका विदेश तथा संस्कृत राज्यमन्त्री मिनाक्षी लेखीले स्वागत गरेकी थिइन्।

प्रधानमन्त्री शाहले भारत भ्रमणका क्रममा भारतीय विदेशमन्त्री एस जयशंकरसँग भेटवार्ता गर्ने कार्यक्रम छ। त्यस्तै राष्ट्रपति द्रौपदी मुर्मूले उनको सम्मानमा रात्रिभोज दिने कार्यक्रम रहेको बताइएको छ।

प्रधानमन्त्री शाहले सोमबार भारतीय समकक्षी मोदीसँग हैदराबाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । वार्तामा व्यापार, पारवहन, लगानी, ऊर्जा, पूर्वाधार विकास तथा सम्पर्क सञ्जाल विस्तारलगायतका विषयमा छलफल हुनेछ।

साथै शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद र विपद् व्यवस्थापनलगायतका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र आदानप्रदान गरिने परराष्ट्र मन्त्रालयले जनाएको छ।

भ्रमण टोलीमा अर्थमन्त्री डा.स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, निजी क्षेत्रका प्रतिनिधिलगायतका उच्चपदस्थ पदाधिकारी सहभागी हुने जनाइएको छ।

प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेपछि शाहको यो पहिलो औपचारिक विदेश भ्रमण हो।

विदेशमा रहेका नेपालीको मताधिकार: कानुन संशोधनका .....

नागरिकले स्वदेशमा हुने निर्वाचनमा मतदान गर्न पाउने प्रभावकारी व्यवस्था नहुँदा उनीहरू व्यवहारत: मताधिकार प्रयोग गर्नबाट बञ्चित हुँदै आएका छन्। यसले निर्वाचनमा सबै नागरिकको समान सहभागिताको प्रश्नसमेत उठाउँदै आएको छ।

विदेशमा रहेका नेपाली नागरिकको मताधिकारको विषयमा सर्वोच्च अदालतले पनि सरकारका नाममा २०७४ चैतमा निर्देशनात्मक आदेश जारी गरिसकेको छ । सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठमा विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी, प्राविधिक तथा व्यवस्थापकीय प्रबन्ध मिलाउन सरकारलाई आदेश दिएको थियो।

अदालतले वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मात्र नभई अध्ययन, पेसा, व्यवसाय तथा अन्य प्रयोजनले विदेशमा रहेका सबै योग्य नेपाली नागरिकलाई मतदानको अवसर दिनुपर्ने व्याख्या गरेको थियो। विदेशमा रहेका नेपालीले सम्बन्धित नेपाली कूटनीतिक नियोगमा उपस्थित भएर, प्रतिनिधिमार्फत, हुलाक वा विद्युतीय मतदान प्रणालीबाट मताधिकार प्रयोग गर्न सक्ने विकल्पमा आवश्यक अध्ययन गर्नसमेत आदेशमा उल्लेख छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले राष्ट्रिय मान्यताप्राप्त दलका शीर्ष नेताहरूसँग स्थानीय तह र प्रदेशसभाको निर्वाचनको सम्भावित मितिबारे छलफलसँगै बाह्य मतदातालगायतका विषयमा परामर्शलाई थप अघि बढाइने बताए।

आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि तयार गरिसकेको छ । आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्न मुलुक तोकी उक्त मुलुकको सम्बन्धित कूटनीतिक नियोगबाट दर्ता गर्ने केन्द्र तोक्ने प्रस्ताव गरेको छ।

दर्ताका लागि सम्बन्धित कर्मचारी तोक्न आयोगले परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने प्रस्ताव गरिएको छ। विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणाली मार्फत फारम भरी जैविक विवरण दिन आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्न सक्नेछन्।

कमला पुलमुनिबाट नदीको धार परिवर्तन .....



आएपछि सिरहाबाट मधेश प्रदेशको राजधानी जनकपुर पुग्नुपर्ने लामो घुमाउरो यात्राको बाध्यता अन्त्य हुने बताए। उनका अनुसार सिरहाबाट जनकपुरको दूरी करिब २९ किलोमिटर भए पनि पुल सञ्चालनमा नआउँदा ८७ किलोमिटर घुमेर जानुपर्ने बाध्यता थियो। "अब यो समस्या हट्ने आशा जागेको छ," उनले भने।

पप्पु-लुम्बिनी बिल्डर्सले निर्माण गरेको उक्त पुल २०७८ असार १७ गते उद्घाटन हुनुअघि नै कमला नदीमा आएको ठूलो बाढीका कारण क्षतिग्रस्त भएको थियो। बाढीले पुलको पूर्व र पश्चिमतर्फका पाया भासिएपछि पुल सञ्चालनमा आउन सकेको थिएन । यसबीच पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', विभिन्न पूर्वमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूले पुलको अवलोकन गर्दै सञ्चालन गर्ने प्रतिबद्धता जनाए पनि काम अघि बढ्न सकेको थिएन।

जेनजी आन्दोलनपछि तत्कालीन भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङ र तत्कालीन खेलकुदमन्त्री बब्लु गुप्ताले समेत पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका थिए। उनीहरूको प्रतिबद्धतालाई निरन्तरता दिँदै वर्तमान भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले पुल सञ्चालनका लागि २५ करोड रुपैयाँ बजेट विनियोजन गर्नुभएको सिरहा क्षेत्र नम्बर-३ का सांसद शम्भु यादवले बताए।

सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार पुलमुनिबाट नदीको पानीको बहाव गराउन निर्माण गरिएको बाँध शुक्रबार पूजाआजापछि राति सफल भएको हो । पुल सञ्चालनमा आएपछि शिक्षा, स्वास्थ्य, व्यापार तथा दैनिक कामकाजका लागि सिरहा र धनुषाका बासिन्दालाई आवतजावत गर्न सहज हुने अपेक्षा गरिएको छ।

यसैबीच, हुलाकी राजमार्गअन्तर्गत अधुरो अवस्थामा रहेका सहजा पुल र गाउन पुलको निर्माण कार्यसमेत आगामी पुस १५ गतेसम्म सम्पन्न गर्ने लक्ष्य रहेको निर्देशनालयका प्रमुख महतोले बताए।

पक्राउ पुर्जी जारी भएका व्यक्ति धनुषा प्रहरीको नियन्त्रणबाटै छुटे

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर ०५ गते

सिरहामा ठगी तथा आपराधिक विश्वासघातको मुद्दामा पक्राउ पुर्जी जारी भएका एक व्यक्तिलाई धनुषा प्रहरीले नियन्त्रणमा लिएर पनि छाडिदिएको आरोप लागेको छ।

सिरहाको लहानस्थित इलाका प्रहरी कार्यालयमा गत साउनमा मुद्दा दर्ता भई पक्राउ पुर्जी जारी भएका धनुषाको मिथिला बिहारी नगरपालिका-१ का ५४ वर्षीय कुशेश्वर साहलाई प्रहरीले पक्राउ गरेर पनि छाडिदिएको पीडित पक्षको आरोप छ।


शुक्रबार बिहान करिब ११ बजे जनकपुरधाम उपमहानगरपालिका-४ स्थित बंशी चोकको काली होटलनजिकै उनलाई लहानबाट सादा पोसाकमा खटिएका प्रहरीले पक्राउ गरेका थिए।

पक्राउपछि हत्कडी लगाएर राखिएका साहलाई पछि मुजेलिया प्रहरीले आफ्नो नियन्त्रणमा लिएको थियो। तर, जिल्ला प्रहरी कार्यालयसम्म नपुऱ्याई बाटोबाटै छाडिदिएको पीडित पक्षको दाबी छ।

साहविरुद्ध सिरहाको मुसहरनियाँस्थित कौशल एग्रो राइस मिलमा धान बिक्री गरेका किसानहरूले ठगी तथा आपराधिक विश्वासघातको जाहेरी दिएका थिए। उक्त मिलका सञ्चालक साहले किसानहरूबाट उधारोमा धान खरिद गरे पनि लामो समयसम्म भुक्तानी नगरेको उनीहरूको आरोप छ।

२०८१ सालमा सिरहाको कल्याणपुरका रामनाथ साहले २१ लाख रुपैयाँ, प्रवेश साहले ४ लाख रुपैयाँ तथा बरियारपट्टीका दिनेश साह र अशोक महतोले जनही १० लाख रुपैयाँ बराबरको धान मिललाई बिक्री गरेका थिए। तर, पटकपटक ताकेता गर्दा पनि रकम नपाएपछि उनीहरू प्रहरीको शरणमा पुगेका थिए।

पीडितहरू २०८१ पुसमै प्रमाण सहित जाहेरी दिन इलाका प्रहरी कार्यालय लहान पुगेका थिए। तर, प्रहरीले जाहेरी दर्ता गर्न नमानेको उनीहरूको भनाइ छ। त्यसपछि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, मधेश प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयसम्म



इलाका प्रहरी कार्यालय
(अपराध अनुसन्धान शाखा)
लहान सिरहा, नेपाल
मधेश प्रदेश
मिति: २०८३।०४।२७ गते।
ने.प्र.१९४६
आ.व.२०८३/०८४
प्रा.प.सं.
च.नं. २४८०
विषय:- मासिर पक्राउ गरी दाखिला गर्ने सम्बन्धमा ।
श्री जिल्ला प्रहरी कार्यालय धनुषा,
जनकपुर (अपराध अनुसन्धान शाखा)।
उपरोक्त सम्बन्धमा अशोक कुमार महतो समेतको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी कुशेश्वर प्रसाद साह ब्यासु भएको ठगी तथा अपराधिक विश्वासघात सम्बन्धि मुद्दाको अनुसन्धान सिलसिलामा वारदात पश्चात हाल सम्म फरार रहेको निम्न उल्लेखित प्रतिवादीको नाममा सम्मानित सिरहा जिल्ला अदालतबाट मिति २०८३-०४-२५ गतेको पक्राउ अनुज्ञा जारी भई आएको हुँदा निज प्रतिवादीको घर ठेगानामा गई खोजतलास एवम् पक्राउ गरी यस कार्यालयमा दाखिला गरिदिनु हुन सादर अनुरोध गरिएको छ।
साथै निज प्रतिवादी कुशेश्वर प्रसाद साह ब्यासको नाममा मिति २०८३।०४।२५ गतेको सम्मानित सिरहा जिल्ला अदालतबाट जारी भएको पक्राउ अनुमती पत्रको छायाँकपी यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध गरिएको छ।
निवेदक
जिल्ला धनुषा सावित्री गा.वि.स भुतही पर्टेवा वडा नं.३ हाल परिवर्तित मिथिला बिहारी गा.पा.वडा नं. ०१ भुतही टोलमा बस्ने राम प्रताप साहको छोरा वर्ष ५४ को कुशेश्वर प्रसाद साह ब्यासु.....
बोधार्थ
श्री जिल्ला प्रहरी कार्यालय सिरहा अं.अ.शाखा ।
अनुसन्धान अधिकारी
बिकी कुमार साह
(प्रहरी नायव निरीक्षक)



धाउँदा करिब डेढ वर्षपछि मात्रै मुद्दा दर्ता भएको थियो।

मुद्दा दर्तापछि सिरहा प्रहरीले साहलाई पक्राउ गर्ने प्रयास गर्दै आएको थियो। उनी जनकपुरधाममा बस्दै आएका कारण पक्राउ गर्न धनुषा प्रहरीको सहयोग मागिएको थियो। तर, पटकपटक प्रयास गर्दा पनि पक्राउ गर्न नसकिएको पीडित पक्षको भनाइ छ।

शुक्रबार भने लहानबाट सादा पोसाकमा खटिएका दुई प्रहरी पीडितहरूलाई समेत लिएर जनकपुरधाम पुगेका थिए। पिडारी चोक र मधेश भवनको बीचमा पर्ने काली होटलनजिकै साहको घर छ। लहानबाट आएको टोलीले साहलाई पक्राउ गर्न मुजेलिया प्रहरीसँग सहयोग मागेको थियो। तर, प्रहरी तत्काल घटनास्थलमा पुगेन।

वडा प्रहरी चौकी मुजेलियाका इन्चार्ज फणीन्द्र अधिकारीले आफू बिदामा रहेको भन्दै कार्यालयमै सम्पर्क गर्न बताए।

यता, चौकीका अर्का सहइन्चार्ज अनिरुद्धप्रसाद गुप्तालाई सम्पर्क गर्दा उनले अर्का प्रहरी नायब निरीक्षक (सई) सँग कुरा गर्न भन्दै फोन काटे। उनले अर्का सई वीरेन्द्र साहसँग कुरा गर्न भने पनि उनको सम्पर्क नम्बर भने उपलब्ध गराएनन्।

लहानबाट आएको प्रहरी टोलीले साहलाई घरअगाडि नै हत्कडी लगाएर नियन्त्रणमा लिएको थियो। तर, मुजेलिया प्रहरी कार्यालय घटनास्थलबाट करिब एक किलोमिटर मात्रै टाढा भए पनि प्रहरी पुग्न ४० देखि ४५ मिनेट लागेको पीडित रामनाथ साहका छोरा रवीन्द्र साहले बताए।

'कुशेश्वरलाई प्रहरीले गाडीमा बसाएपछि हामी ढुक्क भयौं। स्वास्थ्य परीक्षण गरेर जिल्ला प्रहरी कार्यालय ल्याउँछन् भन्ने ठानेर हामी त्यहाँ गयौं,' रवीन्द्रले भने, 'तर, धेरै बेरसम्म नआएपछि मुजेलिया प्रहरीमा पुग्यौं। त्यहाँ माथिबाट फोन आएपछि छाडिदियौं भन्ने जवाफ दिइयो।'

उनका अनुसार मुजेलिया प्रहरीले साहलाई आफ्नो गाडीमा राखेर लगेपछि लहानबाट आएका प्रहरीलाई घटनास्थलमै छाडेको थियो। त्यसपछि लहानबाट आएका प्रहरी र पीडितहरू जिल्ला प्रहरी कार्यालय धनुषा पुगेका थिए। तर, साहलाई त्यहाँ नल्याइएपछि उनीहरू पुन: मुजेलिया प्रहरी कार्यालय पुगेका थिए।

त्यहाँ साहलाई नभेटेपछि सोधपुछ गर्दा 'माथिबाट फोन आएपछि छाडिदिएको' जवाफ प्रहरीले दिएको रवीन्द्रको दावी छ।

प्रहरीले साहलाई कार्यालयसम्म नल्याई बाटोबाटै घर पुऱ्याइदिएको पीडित पक्षको आरोप छ। रवीन्द्रका अनुसार उनीहरू साहको घर पुग्दा स्थानीयले केही समयअघि मात्रै प्रहरीले उनलाई घर पुऱ्याइदिएको बताएका थिए। उक्त घटनाको दृश्य घरनजिकैको सीसीटीभीमा समेत कैद भएको उनको दाबी छ।

पीडितहरूले साहलाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाएको दृश्यको भिडियो र तस्बिरसमेत खिचेका छन्।

यता, जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी एवं प्रवक्ता ओमप्रकाश खनालले भने यस विषयमा आफूलाई जानकारी नभएको बताए। उनले घटनाबारे बुझ्न बाँकी रहेको र त्यसपछि मात्रै थप प्रतिक्रिया दिन सक्ने बताए।

नवनियुक्त मुख्यमन्त्री सरोज यादवले आइतबार .....

जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गरेका थिए।

उक्त समयसीमाभित्र कुनै पनि दलले दाबी पेस गर्न नसकेपछि संविधानको धारा १६८ (३) अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको संसदीय दलका नेता यादव मुख्यमन्त्री नियुक्त भएका हुन्।

मुख्यमन्त्री यादवको नियुक्तिसँगै मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ। संवैधानिक व्यवस्थाअनुसार उनले मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ।

मुख्यमन्त्रीसँगै अन्य मन्त्रीहरूले पनि शपथ लिने वा नलिने विषयमा भने टुंगो लागेको छैन । जसपा नेपालका प्रदेशसभा सदस्य मनिष सुमनका अनुसार सरकारमा सहभागी हुने मन्त्रीहरूको विषयमा छलफल भइरहेको छ। निर्णय भएपछि मात्रै मन्त्रीहरूको नाम सार्वजनिक गरिने उनले बताए।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४

